आज मिति २०७८।०२।११ गते मंगलबारका दिन यस हिलिहाङ गाउँपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा यस आ.व को बाह्रौं कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ..........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ..........................................................................

३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ..........................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........................................................................

५. वडा अध्यक्ष : श्री मदन गौतम ..........................................................................

६. वडा अध्यक्ष : श्री श्रीप्रसाद सिगु ..........................................................................

७. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ ..........................................................................

८. वडा अध्यक्ष : श्री कृष्ण वा यवा ..........................................................................

९. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ..........................................................................

१०. का पा सदस्य श्री कामुदा गुरुङ ..........................................................................

११. का पा सदस्य श्री मेनुका देवी बजगाई ..........................................................................

१२. का पा सदस्य श्री माया कन्दङवा ..........................................................................

१३. का पा सदस्य श्री विष्णुकला उभरकोटी ..........................................................................

१४. का पा सदस्य श्री टिकाराम धमला ..........................................................................

१५. का पा सदस्य श्री दुर्गामाया परियार ..........................................................................

१६. सदस्य सचिव श्री बिक्रम लिम्बु ..........................................................................

**अन्य उपस्थिति :-**

१७. आर्थिक प्रशासन शाखा प्रमुख श्री सुवास भट्टराई..........................................................................

१८. योजना तथा प्रशासन शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना..........................................................................

१९. स्वास्थ्य संयोजक श्री चन्द्र प्रसाद घिमिरे ..........................................................................

**प्रस्तावहरु :-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, आदेश, निर्देशन तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।

२. जोखिम भत्ता सम्बन्धमा ।

३. प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारमा मेडिकल अधिकृत करार सेवामा राख्ने सम्बन्धमा ।

४. कोरोना संङक्रमितहरुको उपचार सहायता सम्बन्धमा ।

५. प्रभावित समुदायहरुलाई राहत वितरण सम्बन्धमा ।

६. कोरोना संङ्क्रमितहरुको लागि वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको  तर्फबाट आएको सहयोग रकम सम्बन्धमा ।

७. कोभिड १९ सँग सम्बन्धित आवश्यक स्वास्थ्य सुरक्षण सामाग्री खरिद सम्बन्धमा ।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हालसम्म प्राप्त भएका तपसिल अनुसारका निर्देशन, परिपत्र तथा मागहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्वारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त महत्वपूर्ण विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमद्वारा सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**निर्णय नं. - २**

हाल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ को सङ्क्रमणबाट यस गाउँपालिका पनि अति प्रभावित बन्दै गएको तथा हालसम्म कुल ९६ जना संङ्क्रमित भई सकेको तथ्यलाई मध्यनजर गरि कोभिड १९ को सङ्क्रमण लाई न्यूनिकरण तथा रोकथाम गर्न फ्रन्टलाइनमा खटिने स्वास्थ्यकर्मी तथा एम्बुलेन्स चालकहरुलाई स धन्यवाद उनिहरुको कामको उच्च मूल्याङ्कन गर्दै निजहरुको कार्यसम्पादन गरेको कागजात (लगबुक/प्रतिवेदन) का आधारमा मिति २०७८ जेठ र असार महिनाका लागि निम्नानुसार जोखिम भत्ता प्रकोप व्यवस्थापन कोषबाट प्रदान गर्ने निर्णय गरियो ।

| पद | जोखिम भत्ता | जिम्मेवारी |
|---|---|---|
| प्राथमिक स्वास्थ्य केन्द्र आइसोलेशन वार्डमा खटीएका कर्मचारीहरुको हकमा | शूरू तलव स्केलको ५० प्रतिशतले हुन आउने रकम | शंकास्पद व्यक्तिहरुको परिक्षण, सिकिस्त बिरामीहरुको आइसोलेशन वार्डमा रेखदेख तथा परिक्षण गर्ने |
| वडाहरु स्थित स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मी | शूरू तलव स्केलको २५ प्रतिशतले हुन आउने रकम | होम क्वारेन्टीनमा बसेका संङ्क्रमित व्यक्तिहरुको निरन्तर निगरानी तथा प्रतिवेदन गर्ने |
| PHC एम्बुलेन्स चालक | शूरू तलव स्केलको ५० प्रतिशतले हुन आउने रकम + पालिका भरि प्रति बिरामी बोके वापत रु ५०० र जिल्ला सदरमुकाम वा सो भन्दा बाहिर बोके वापत रु १००० | शंकास्पद विरामी तथा सिकिस्त विरामीहरुलाई गाउँपालिकाको आइसोलेशन वार्ड तथा जिल्ला वा अन्य अस्पतालमा लाने/लैजाने |
| REDCROSS एम्बुलेन्स चालक | पालिका भरि प्रति बिरामी बोके वापत रु ५०० र जिल्ला सदरमुकाम वा सो भन्दा बाहिर बोके वापत रु १००० | शंकास्पद विरामी तथा सिकिस्त विरामीहरुलाई गाउँपालिकाको आइसोलेशन वार्ड तथा जिल्ला वा अन्य अस्पतालमा लाने/लैजाने |

**निर्णय नं.- ३**

हिलिहाङ गाउँपालिका स्थित गोपेटार प्राथमिक स्वास्थ्य केन्द्र मा स्विकृत दरबन्दी भित्र रहेको मेडिकल अधिकृत हाल अध्ययन विदामा रहेको समयमा यस गाउँपालिकामा पनि कोरोना सङक्रमणको दर उच्च देखिएकोले यस गाउँपालिकाले स्थापना गरेको आइसोलेशन वार्डमा एकजना मेडिकल अधिकृतको आवश्यकता देखिएकोले प्रकोप

व्यवस्थापन कोषबाट खर्च लेखिने गरि यथाशिघ्र योग्यता पुगेका एक मेडिकल अधिकृतलाई सोझै करार सेवामा राख्ने निर्णय गरियो ।

**निर्णय नं - ४**

हाल यस गाउँपालिका अन्तर्गत देहायनुसारका व्यक्तिहरुलाई कोरोना पोजेटिभ भई बिर्तामोड स्थित Birta City र B & C अस्पतालहरुको सघन उपचार कक्षमा लामो समयदेखि उपचाररत रहेको तथ्यलाई मध्यनजर गरी निजहरुको आर्थिक अवस्था तथा उपचार खर्च समेतलाई ध्यानमा राखी निम्नानुसार उपचार सहायता प्रदान गर्ने निर्णय गरियो । साथै निजहरुको शिघ्र स्वास्थ्यलाभको कामना सहित अन्य आवश्यक समन्वय तथा सहजीकरण समेत गर्ने निर्णय गरियो ।

| क्र स | व्यक्तिको नाम, थर | ठेगाना | उपचार सहायता रकम |
|---|---|---|---|
| १ | ४ नं वडाध्यक्ष श्री श्रीप्रसाद शिगु | हिलिहाङ - ४ | २,००,०००/- |
| २ | श्री एकराज भण्डारी | हिलिहाङ - ५ | १,००,०००/- |

साथै, आगामी दिनहरुमा यस गाउँपालिका अन्तर्गतका जनप्रतिनिधि तथा कर्मचारीहरु गाउँपालिकाको काम कारवाही सम्पादन गर्ने क्रममा कोरोना सङक्रमण भई यदि सघन उपचार कक्षमा बस्नुपर्ने स्थिति आएमा गाउँपालिकाले निजहरुलाई उपचार खर्च सहायता समेत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. -५**

विश्वभर फैलिएको कोभिड १९ बाट हाल हिलिहाङ गाँउपालिकामा समेत कोरोना संङक्रमण दर उच्च बन्दै गईरहेको, गाउँवस्तीका पसलहरुमा पैसा नचल्ने अवस्था सृजना भएको तथा हालको लामो पूर्ण निषेधाज्ञाका कारण कोरोना सङ्क्रमित व्यक्तिहरुका परिवारहरुलाई मात्रै विषेशगरी हिलिहाङ गाउँपालिका वडा नं ५ र अन्य सङ्क्रमण देखिएका वडाहरु तथा अन्तरगतका वस्तीहरुमा मा खाधान्न सङ्कट भई दैनिक जीवनयापनमा समेत कठिनाई उत्पन्न भईरहेको अवस्थालाई ध्यानमा राखी सम्बन्धित वडाको सिफारिसका आधारमा देहायनुसार राहत वितरण गर्ने निर्णय गरियो ।

**राहत प्याकेजको ढाँचा**

| संङक्रमित परिवार संख्या | प्याकेज - I | प्याकेज - II | प्याकेज - III |
|---|---|---|---|
| १ - ३ सम्म | चामल - २० के जी<br>दाल - २ के जी | | |
| १ - ५ सम्म | | चामल - ३० के जी<br>दाल - ३ के जी | |
| ६ - माथी जतिसुकै | | | चामल - ४० के जी<br>दाल - ४ के जी |

पूनश्च :- एकाघरमा जतिसुकै जनालाई कोरोना पोजेटीभ भए पनि एउटै परिवार मानी राहत प्रदान गरिनेछ । साथै वडाध्यक्षज्यूहरुले सिफारिस गर्दा परिवारको सक्रिय सदस्य (आय आर्जन गर्ने व्यक्ति) संङक्रमित भएको हो वा निष्कृय आश्रित सदस्य संङ्क्रमित भएको हो सो अवस्था हेरी प्याकेज खुलाई विवेकपूर्ण ढङगले सिफारिस दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

विश्वभर फैलिएको कोभिड १९ बाट हाल हिलिहाङ गाउँपालिकामा पनि संङक्रमणको दर उच्च बन्दै गईरहेको अवस्थामा यस पालिकाबाट वैदेशिक रोजगारीमा गएका कुविर लिङ्देनज्यूको समन्वय र सक्रियतामा प्राप्त रकम रु १५०००० (रु १ लाख ५० हजार मात्र) Antigen Kit खरिदका लागि सहयोग रकम प्राप्त भई स्वास्थ्य संयोजक श्री चन्द्र प्रसाद शर्मा घिमिरे ज्यूलाई हस्तान्तरण गरिएकोले उक्त रकम गाउँपालिकाको सम्बन्धित खातामा लगाउने र खाताबाट निकासा लिई दाताहरुको अपेक्षा बमोजिम उक्त सामानहरु खरिद गरी सो को विल भरपाई पठाईदिने जिम्मेवारी स्वास्थ्य संयोजक श्री चन्द्र प्रसाद शर्मा घिमिरे लाई प्रदान गर्ने निर्णय गरियो। साथै, आर्थिक सहायताका लागि कुविर लिङ्देन लगायत वैदेशिक रोजगारीमा गएका सम्पूर्ण सहयोगी दाताहरुलाई गाउँपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

हाल यस पालिकामा कोरोना पोजेटिभबाट सङ्क्रमितहरुको सङ्ख्या ९६ पुगी अझ थप शंकास्पद व्यक्तिहरुको पहिचान गर्नु पर्ने अवस्था सृजना भएकोले हाल पालिकाको मौज्दातमा अभाव हुने देखिएका निम्नानुसारका सामाग्रीहरु तत्काल खरिद प्रकृया अघि बढाउन आवश्यक निर्देशन प्रदान गर्ने निर्णय गरियो।

| क्र स | स्वास्थ्य सुरक्षण सामाग्रीहरुको विवरण | संङ्ख्या |
|---|---|---|
| १ | PPE Set WHO Standard | ५० थान |
| २ | Antigen Kit WHO Standard | ३०० थान |
| ३ | Oxygen Cylinder | ५ थान (ढुवानी खर्च + Refiling Charge+Flow meter with mask मात्र) |

**धन्यवाद !!!**